# ढोरपाटन नगरपालिका

## गण्डकी प्रदेश, बागलुङ

# नीति तथा कार्यक्रम

## आर्थिक वर्ष २०७७/०७८

# सातौं नगरसभा

मिति : २०७७।०३।१०

आदरणीय नगर उपप्रमुखज्यू, कार्यपालिका तथा नगरसभाका सदस्यज्यूहरु, राजनीतिक दलका प्रमुख तथा प्रतिनिधीज्यूहरु, उपस्थित अतिथिज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत एवम् अधिकृतज्यूहरु, बिभिन्न सरकारी तथा निजी कार्यालयका प्रमुखज्यूहरु, संचारकर्मी मित्रहरु, राष्ट्रसेवक कर्मचारी एवम् उपस्थित सम्पुर्ण महानुभावहरु ।

कोरोना भाईरसको संक्रमणबाट लाग्ने कोभिड-१९ रोगको कारण सिर्जीत यस चुनौतिपुर्ण र असहज परिस्थितीका बाबजुद नेपाली जनताको लामो त्याग, बलिदान र संघर्षबाट प्राप्त संघीय लोकतान्त्रिक गणतन्त्रमा आधारित स्थानीय सरकारको आ.व. २०७७।०७८ को नीति तथा कार्यक्रम यस गरिमामय सभा समक्ष प्रस्तुत गर्न पाउँदा गौरवान्वित भएको छु ।

ऐतिहासिक संविधानसभाबाट जारी भएको नेपालको संविधान अनुसार स्थापित स्थानीय तह र नागरिकका अधिकारहरु स्थापित गर्ने यस अवसरमा म संघीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपालको यस स्वर्णिम युगमा पुऱ्याउने कार्यमा जीवन उत्सर्ग गर्नुहुने सम्पुर्ण ज्ञात अज्ञात शहिदहरुप्रति भावपुर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै, बिभिन्न आन्दोलनका क्रममा घाईते, बेपत्ता हुनुभएका नागरिकहरुप्रति उच्च सम्मान व्यक्त गर्न चाहन्छु । लोकतन्त्र र सामाजिक न्यायको आन्दोलनको अगुवाई गर्नुहुने अग्रजहरु प्रति उच्च सम्मान व्यक्त गर्दै उहाँहरुको योगदानको स्मरण गर्न चाहन्छु ।

नगरसभाका सदस्यज्यूहरु,

अव म विषयगत क्षेत्रका नीति र कार्यक्रमहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**विषयगत क्षेत्रका नीति र कार्यक्रमहरु :-**

**क. आर्थिक विकासतर्फ :**

**१. कृषि तथा पशुपालन :**

- नेपालको कुल ग्राहस्थ उत्पादनमा करिब २७ प्रतिशत योगदन रहेको कृषि प्रणालीलाई निर्वाहमुखी बाट आधुनिक एवम् व्यवसायिक बनाउँदै उत्पादित कृषि उपजहरुको बजारीकरणको माध्यमद्वारा कृषिमा आत्मनिर्भर हुनु यस नगरपालिकाको प्रमुख लक्ष्य हो जसका लागि आ.व. २०७७।०७८ देखि **"नगरप्रमुख मैत्री कृषि वडा नमुना कार्यक्रम"** थालनी गरी कृषि क्षेत्रको विकासको लागि आवश्यक पर्ने ज्ञान, सीप, प्रविधि, विउ, मल, औजार,

बोटविरुवा लगाएत विषादीहरुको उचित प्रबन्ध गर्दै वडागत रुपमा कृषक क्षमता विकास तालिम संचालन गरिनेछ ।

- कृषिको व्यवसायिकरण एवम् आधुनिकीकरण गर्न व्यवसायिक खेती गर्न चाहने कृषक एवम् कृषक समूहलाई उचित प्रोत्साहनको व्यवस्था गरिनेछ ।

- खेतीयोग्य जमिनलाई बाँझो राख्ने प्रवृत्तिलाई निरुत्साहन गर्न कृषि प्राविधिकहरुको परिचालन मार्फत माटो परिक्षण गरी ठाउँ अनुसार माटो योग्य खेती गर्ने वातावारण मिलाईनेछ ।

- कृषि क्षेत्रको वास्तविक अवस्था पहिचान गर्न कृषक दर्ता कार्यक्रम थालनी गरी कृषि तथा पशुपंक्षी सम्बन्धी तथ्यांकहरु अद्यावधिक गरिनेछ ।

- कृषि क्षेत्रमा यस नगरपालिकालाई आत्मनिर्भर बनाउन उचित स्थानमा बाख्राको साना व्यवसायिक उत्पादन केन्द्र र खाद्य तथा पोषण कार्यक्रममा योगदान पुऱ्याउने परम्परागत एवम मौलिक खेती बालीहरु जस्तै आलु तथा जौंको व्यवसायिक उत्पादन केन्द्र विकास गरिनेछ ।

- ढोरपाटन नगरपालिकालाई दुग्ध उत्पादनमा आत्मनिर्भर बन्न उत्पादकसँगको लागत साझेदारीमा **मध्यपहाडी दुग्ध उत्पादन कार्यक्रम** संचालन गरिनेछ भने उत्पादित सामग्रीहरुको संकलन एवम् बजारीकरण गर्न पुर्वाधार निर्माणको कार्य अगाडि बढाईनेछ ।

## २. पर्यटन :

- पर्यटनको क्षेत्रमा उच्च सम्भावना बोकेको यस क्षेत्रमा पर्यटन विकासको लागि पुर्वाधारको निर्माण, पर्यटकीय क्षेत्रहरुको पहिचान एवम् प्रचारप्रसार तथा पर्यटकमैत्री समुदाय निर्माणलाई विशेप प्राथमिकता दिईनेछ ।

- पर्यटन क्षेत्रलाई रोजगारी एवम् आयआर्जनसँग जोड्न बिभिन्न वडाहरुमा सञ्चालित होमस्टेहरुलाई व्यवस्थित बनाउँदै लगिनेछ । साथै आन्तरिक र बाह्य पर्यटकहरुलाई आकर्षण गर्न बिभिन्न कार्यक्रमहरु संचालनमा ल्याईनेछ । ढोरपाटन नगरपाालिकाको

कार्यालयमा पर्यटकीय स्थलहरुको पहिचान सहित पर्यटकीय सूचना केन्द्र स्थापना गरिनेछ ।

- यसैगरी ढोरपाटन उपत्यका, ढोरबराह मन्दिर, रुद्र ताल, धोर्जेको धुरी, अर्नाकोट बयचौर क्षेत्र तथा वडा नं. ०४ स्थित रिखुवा महखोला झरना लगाएतका बिभिन्न पर्यटकीय क्षेत्रहरुको प्रचारप्रसार तथा संरक्षणमा जोड दिँईनेछ ।

## ३. उद्योग तथा वाणिज्य :

- नागरिकहरुलाई नेपालको संविधानले प्रदत्त गरेको उपभोक्ताको हक सुनिश्चित गर्न बजारको नियमित अनुगमन गर्ने, अखाद्य वस्तुको बिक्री वितरणलाई पुर्णरुपमा नियन्त्रण गर्ने, कालोबजारी नियन्त्रण गर्ने तथा आपुर्ति र भण्डारको उचित व्यवस्था गर्ने वातावरण मिलाईनेछ ।

- स्थानीय उत्पादनलाई बढावा दिन बिभिन्न उत्पादक समूहहरुबीच प्रतिस्पर्धा गराई उचित पुरस्कारको व्यवस्था गरिनेछ भने स्थानीय स्तरको स्रोत साधन र सीपबाट उत्पादन हुने सामग्रीहरुको बजारीकरण गर्न आवश्यक पहल गरिनेछ ।

- यसैगरी नगरपालिका, उद्योग वाणिज्य संघ, उपभोक्ता मञ्च र स्थानीय प्रशासनसँगको सहकार्यमा आर्थिक गणना गर्ने व्यवस्था मिलाई नगरक्षेत्र भित्रको आर्थिक तथ्यांक अद्यावधिक गरिनेछ ।

## ४. सहकारी तथा वित्तीय क्षेत्र :

- सहकारी ऐन र नियमावलीमा भएको व्यवस्था अनुसार ढोरपाटन क्षेत्रका सहकारीहरुको संस्थागत क्षमता अभिवृद्धि गर्दै कृषि र उद्योग क्षेत्रमा लगानी गर्न उदेश्यमा एकरुपता भएका सहकारीहरुलाई गाभिन चाहेमा एकीकृत गर्ने नीति अवलम्वन गरिने छ ।

## ५. रोजगारी :

- कोरोना भाईरसको संभावित संक्रमणको जोखिम न्युनिकरण गर्न गरिएको लकडाउनको कारण भारत लगाएत अन्य देशहरुबाट स्वदेश फिर्ता भई रोजगारी गुमाएका नागरिकहरुलाई रोजगार दिन आ.व. २०७७०७८ देखि “मेयर रोजगार कार्यक्रम” सुरुवात गरिनेछ ।

- बेरोजगार व्यक्तिहरुलाई सुचीकृत गरी लाभग्राही परिचयपत्रको व्यवस्था गरिनेछ । साथै सूचीकृत बेरोजगार ब्यक्तिहरुको प्राथमिकताक्रम अनुसार प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना सञ्चालन गरि पारिश्रमिक स्वरुपको रकम सोझै बैक खातामा जम्मा गर्ने व्यवस्था गरिनेछ ।

- बेरोजगार ब्यक्तिहरुलाई आयोजनागत तालिमको व्यवस्था गर्ने, विश्वबैकको वित्तीय सहयोगमा युवा रोजगारीका लागि पहल तथा आयोजना सञ्चालन गर्ने तथा रोजगार सेवाकेन्द्रको सुदृढीकरण र आवश्यक कर्मचारीको व्यवस्था गरिनेछ ।

- रोजगारीमा संलग्न हुने लाभग्राहीलाई योजना जानकारी तथा अभिमुखीकरण तालिम प्रदान गर्नुका साथै स्थानीय तहभित्र उपलब्ध रोजगारीका अवसरहरुको पहिचान गरी सो को सुचना प्रवाह गरिनेछ ।

## <u>ख. सामाजिक विकास तर्फ :</u>

## १. शिक्षा

- शिक्षा क्षेत्र मानव संशासन विकासको सबैभन्दा महत्वपुर्ण पक्ष हो भन्ने मान्यतालाई आत्मसाथ गर्दै यस क्षेत्रलाई गुणस्तरीय, सर्वसुलभ र पहुँचयोग्य बनाउन ढोरपाटन नगरपालिका प्रतिवद्ध छ ।

- भौगोलिक अवस्था र जनसङ्ख्याको आधारमा बालविकास तथा शिक्षाको लागि सञ्चालन अनुमति लिई सञ्चालनमा आएका बालविकासमा कार्यरत सहजकर्ताहरुको क्षमता विकास र सक्षमता अभिवृद्धिका लागि तालिमहरु सञ्चालन गरिनेछ ।

- ढोरपाटन नगरपालिकाले सञ्चालन गर्दै आईरहेका उपलब्धी परीक्षा, वार्षिक परीक्षा तथा कक्षा ८ का परीक्षालाई थप व्यवस्थित गर्दै लगिनेछ भने स्थानीय शैक्षिक सामग्रीहरुको निर्माण तथा प्रयोगमा वृद्धि गर्न शैक्षिक सामग्री प्रदर्शनी कार्यक्रम सञ्चालन गरिनेछ ।

- शिक्षक कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्न विषयगत शिक्षक तालिम, पुनर्ताजगी तालिम, सूचना प्रविधि तालिम तथा प्र.अ. र वि.व्य.स. लाई विद्यालय व्यवस्थापन सम्बन्धी तालिम सञ्चालन गरिनेछ ।

- विद्यालय स्वास्थ्य कार्यक्रमलाई थप प्रभावकारी बनाउन कक्षा ६ देखि १२ सम्म अध्ययन गर्ने सामुदायिक विद्यालयका छात्राहरुलाई निःशुल्क गुणस्तरीय स्यानिटरी प्याड वितरण गरिनेछ ।

- विद्यार्थीहरुलाई विद्यालयमा आकर्षित गर्न एवम् उनीहरुलाई विद्यालयमा टिकाईराख्न विद्यार्थीमैत्री विद्यालय संरचना निर्माण तथा विद्यार्थी सङ्ख्या अद्यावधिक कार्यलाई प्राथमिकता दिई दिवा खाजा वितरण कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

- आगामी वर्ष विभिन्न वडाहरुमा नयाँ विद्यालय संरचना निर्माण एवं पूराना विद्यालयलाई मर्मत संम्भार गर्न बजेट व्यवस्था गरिनेछ। साथै विद्यार्थी मैत्री शैक्षीक सस्था निर्माण तथा विद्यार्थी सङ्ख्या अद्यावधिक कार्यलाई प्राथमिकता दिई दिवा खाजा कार्यक्रमलाई थप प्रभावकारी गराइने छ ।

- सम्पुर्ण माध्यमिक विद्यालयलाई प्रविधिको पहुँचमा ल्याई शैक्षिक गुणस्तर सुदृढीकरण गर्न इन्टरनेटको व्यवस्था गरीनेछ ।

- ढोरपाटन नगरपालिकाको शैक्षिक जनशक्तिलाई प्रतिस्पर्धी एवं सक्षम बनाउन विद्यालयहरुमा अङग्रेजी कक्षा र कम्प्युटर  कक्षाको थप व्यवस्थापन गरिनेछ ।

- हरेक समुदायमा वित्तिय साक्षरता प्रवर्द्धन गर्न वैंक र विद्यालय सँग समन्वय गरी विभिन्न सचेतनात्मक कार्यक्रमहरु संञ्चालन गरिनेछ ।

- उत्पादित जनशक्तिलाई प्रतिस्पर्धी, सक्षम एवम् बहुआयामिक बनाउन विद्यालयहरुमा शिक्षणका साथै अतिरिक्त क्रियाकलाप सञ्चालन गर्न प्रोत्साहित गरिनेछ ।

- विद्यालयको भौतिक संरचना, शैक्षिक वातावरण एवं व्यवस्थापकीय पक्षको नियमित रुपमा अनुगमन गरि शैक्षिक उपलब्धीको आधारमा दण्ड र पुरस्कारको व्यवस्था मिलाईने छ ।
- नेपाल सरकारले तोकेको पाठ्यभार र पाठ्यघण्टा नघट्ने गरी स्थानीय आवश्यक्तामा आधारित विषयवस्तु समावेश गरेर स्थानीय पाठ्यक्रम निर्माण गरी पठनपाठन सञ्चालन गरिनेछ ।

- माध्यमिक विद्यालयहरुलाई प्रविधिको पहुँचमा ल्याई शैक्षिक गुणस्तर सुदृढिकरण गर्न ईन्टरनेटको व्यवस्था तथा ई-हाजिरी प्रणाली अवलम्वन गरिनेछ ।

- ग्रामिण स्तरमा शाक्षरता अभिवृद्धि गर्न प्रत्येक वडाहरुमा प्रौढ तथा वैकल्पिक शिक्षाहरु संचालन गर्न आवश्यक बजेट विनियोजन गरिने छ ।

## २. स्वास्थ्य :

- कोरोना भाइरसको महामारी विरुद्धको लडाईमा अग्रपंतीमा रही काम गरिरहनु भएका सम्पुर्ण स्वास्थ्यकर्मीहरु, सुरक्षाकर्मीहरु र कर्मचारीहरुलाई हामी हार्दिक धन्यवाद दिन चाहन्छौं । यस विषम परिस्थितीमा निरन्तर रुपमा लागि पर्नुहुने उहाँहरुलाई उचित प्रोत्साहनको लागि बजेटको व्यवस्था गरिनेछ ।

- ढोरपाटन नगरपालिकाका आधारभुत स्वास्थ्य सेवा केन्द्र नभएका सम्पुर्ण वडाहरुमा आ.व. २०७७०७८ मा आधारभुत स्वास्थ्य केन्द्र निर्माण गरी सम्पुर्ण स्वास्थ्य केन्द्रहरुमा आवश्यक पर्ने औषधीजन्य मालसामानको उचित प्रबन्ध गरिनेछ ।

- ढोरपाटन नगरपालिका १ बुर्तिवाङ स्थित प्राथमिक स्वास्थ्य केन्द्रलाई ग्रामीण स्वास्थ्य अस्पतालको रुपमा विकास गर्न संघ र प्रदेश सरकार सँग समन्वय गरिनेछ। साथै यसै वर्षदेखि आधारभुत सुविधा सहितको दन्त तथा आँखा उपचार केन्द्र सञ्चालनमा ल्याईनेछ ।

- जनताको स्वास्थ्य पहुँचतालाई मध्यनजर गर्दै प्राथमिक स्वास्थ्य केन्द्रको ल्याब लाई सुदृढिकरण गरी आपतकालीन अवस्थामा अत्यावश्यक रगत उपलब्ध गराउन सकिने क्षमताको ब्लड बैंक स्थापना गरिनेछ ।

- विभिन्न दीर्घ प्रकृतिका नसर्ने रोगहरु तथा नेपाल सरकारले जटिल रोग भनी सुचिकृत गरेका रोगहरुको उपचार गर्न नसक्ने बिरामीहरुलाई स्वास्थ्य विमा कार्यक्रमसँग आवद्ध गराई आ.व. २०७७।०७८ देखि **"मेयर स्वास्थ्य कार्यक्रम"** सुरुवात गरी औचित्यताका आधारमा आर्थिक सहायता रकम उपलब्ध गराईनेछ भने एच.आई.भी. एड्सका बिरामीहरुलाई निःशुल्क औषधि उपलब्ध गराईनेछ ।

- बिभिन्न प्रकारका दीर्घ, सरुवा तथा नसर्ने रोगहरुबारे नागरिकहरुमा सचेतना बढाउन बिभिन्न प्रकारका अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्नुका साथै ग्रामिण समुदायस्तरमा महिला स्वास्थ्य स्वयम सेविकाहरु परिचालन गरेर स्वास्थ्य तथा सरसफाई सचेतना कार्यक्रमहरु संचालन गरिनेछ ।

- उपचारको पहुँचबाट टाढा भएका अशक्त, असहाय, अपाङ्ग, ज्येष्ठ नागरिक तथा लक्षित वर्गका व्यक्तीहरुको स्वास्थ्य उपचारको हक प्रत्याभुती गराउन घरघरमा गई घुम्ती मेडिकल सेवा उपलब्ध गराईनेछ ।

- पोषणयुक्त खानेकुराको अभावमा कुपोषणको शिकार भएका बालबालिका, गर्भवती तथा सुत्केरी महिलाहरुको स्वास्थ्यलाई मध्यनजर गर्दै पोषण सम्बन्धी कार्यक्रमहरु संचालनमा ल्याईनेछ ।

## ३. खानेपानी तथा सरसफाई :

- ढोरपाटन बासीलाई शुद्ध र सुरक्षित पानि उपलब्ध गराउन खानेपानी संरचनाको निर्माणलाई प्राथमिकता दिईनेछ। निर्माणको क्रममा रहेका खानेपानीहरु आयोजनाहरु

समयमा नै सम्पन्न गर्न नियमित अनुगमन गरिनेछ भने जिर्ण अवस्थामा रहेका योजनाहरु मर्मत तथा सम्भारका लागि उपभोक्ता समितिलाई क्रियाशील बनाईनेछ । यसैगरी बिभिन्न स्थानहरुमा भएका खानेपानीका मुहानहरु संरक्षण गर्न वृक्षारोपण गर्ने कार्यलाई प्रोत्साहित गरिनेछ ।

- **“स्वच्छ नगर : स्वस्थ नगरबासी”** हाम्रो मुख्य ध्येय हो । यसलाई मुर्तरुप दिन बिभिन्न खानेपानीका मुहानहरु सरसफाई गर्ने एवम् खानेपानीका मुहान वरपर फोहोरमैला नियन्त्रण गर्ने तथा ढलको उचित निकास कार्यलाई विशेष ख्याल गरिनेछ भने क्रमशः सम्पुर्ण नगरक्षेत्रमा **“एक घर एक धारा”** को व्यवस्था कार्यान्वयन गर्दै लगिनेछ ।

- नगरका उपयुक्त सार्वजनिक स्थलहरुमा आवश्यकता र मागको आधारमा सार्वजनिक शौचालय निर्माण गर्दै लगिनेछ । व्यक्तीगत तथा सामुदायिक सरसफाईलाई व्यवस्थीत गर्दै सरसफाइ युक्त टोल, वडा र वस्ती घोषणा गरी फोहोर जम्मा गर्ने डस्टविनको वितरण गरिनेछ ।
- घम्पु, अर्नाकोट तथा खल्वाङ क्षेत्रका नागरिकहरुको खानेपानी समस्या यस आ.व. भित्र समाधान गरिनेछ साथै नेवा सँगको सहकार्यमा अन्य क्षेत्रका खानेपानी समस्याहरुलाई व्यवस्थापन गरिनेछ ।

## ४. संस्कृति र सम्वर्द्धन :

- ढोरपाटन क्षेत्रभित्रका कला र संस्कृतिको खोजी गरी आन्तरिक तथा बाह्य पर्यटनसँग आवद्ध गराईनेछ । पुर्णिमा मेलालाई व्यवस्थित गर्न पहल गरि बिभिन्न महोत्सवमा पञ्चेबाजा संचालनमा ल्याई उत्कृष्ट बाजा समुहलाई प्रोत्साहन गरिनेछ ।
- ढोरपाटन नगरपालिकाको पर्यटन र सँस्कृतिको वस्तुस्थिति झल्किने गरी यसै वर्ष वृत्तचित्र तयार गरिनेछ ।

## ५ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण :

- महिला, दलित, आदिवासी जनजाती, अल्पसङ्ख्यक, अपाङ्ग, ज्येष्ठ नागरिक ,एकल महिला र बालबालिको क्षेत्रमा उनीहरुको आवश्यकतालाई मध्यनजर गरी क्षमता

विकास र सिपमुलक तालिमहरु संचालन गर्ने तथा नागरिक समाज ,क्लब तथा सञ्जालहरुलाई लक्षित वर्गको सशक्तीकरणमा कार्य गर्न प्रोत्साहन गरिनेछ ।

- महिलाको पिडा र गुनासाहरुलाई सहज ढंगले प्रस्तुत गर्न सजिलो होस भन्ने उद्देश्यले ईलाका प्रहरी कार्यालय बुर्तिवाङमा सबै क्षेत्रको प्रतिनिधित्व हुने गरी छुट्टै महिला सेल स्थापना गर्न पहल गरिनेछ ।

- दलित समुदायले परम्परादेखि सञ्चालन गर्दै व्यवसायहरुलाई आधुनिक बनाउँदै लगिनेछ भने नयाँ पुस्तालाई त्यस्ता व्यवसायहरुतर्फ आकर्षण गर्न कार्यक्रमहरु संचालन गरिनेछ ।

- ढोरपाटन नगरपालिका अन्तर्गत लक्षित वर्गका २ जना विद्यार्थीहरुलाई एम.बी.बी.एस. अध्ययन गर्नका लागि प्रोत्साहन स्वरुप पुरस्कारको व्यवस्था गरिनेछ ।

- यसैगरी ज्येष्ठ नागरिकहरुको सम्मान स्वरुप भवन निर्माणका लागि आवश्यक सहयोग गरिनेछ ।

- समाजमा रहेका विभिन्न प्रकारका कुरीति, कुप्रथा, जातिय विभेद, लैङ्गिक विभेद तथा अन्य प्रकारका विभेदहरु न्युनिकरण गर्न आवश्यक सचेतना कार्यक्रमहरु संचालनमा ल्याईनेछ भने त्यस्ता विभेद गर्ने व्यक्तीहरुलाई कानुनको दायरामा ल्याउन पहल दिईनेछ ।

- महिला विकास कार्यक्रम अन्तर्गत महिला सहकारी संस्थाहरुको सुदृढिकरण एवम् स्थानीय महिला उद्यमी सञ्जाल स्थापना गर्न सहजीकरण गरिनेछ ।

**५ युवा तथा खेलकुद :**

- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा ढोरपाटन नगरपालिका लगाएत बागलुङ जिल्लाको पश्चिम क्षेत्र खेलकुदको लागि परिचित क्षेत्र हो । यस क्षेत्रको खुलकुद विकास गर्न आ.व. २०७७०७८ मा नगरपालिकाले प्राथमिकताका साथ बिभिन्न कार्यक्रमहरु संचालन गर्नेछ ।

- पूर्णिमा मेलाको अवसरमा मेयर कप रनिङ गोल्डकप प्रतियोगिता सञ्चालन गरी प्रतिभावान खेलाडीहरुको पहिचान गर्दै उचित प्रोत्साहन दिईनेछ ।
- गरिब, अति विपन्न तथा लक्षित समुदायका प्रतिभावान खेलाडिहरुको क्षमता विकास गर्न तथा उनीहरुलाई राज्यका तहहरुसम्म पहुँचमा ल्याउन आवश्यक कदम चालिनेछ ।
- राजधानी लगाएत देशका विभिन्न ठाउँहरुमा राष्ट्रियस्तरका भलिबल कार्यक्रमहरु संचालन गरी ढोरपाटन नगरपालिकाको शिर उच्च पारिरहेको **ढोरपाटन क्लब**लाई उचित सम्मानको व्यवस्था गरिनेछ ।

## पूर्वाधार विकास :

### १. सडक तथा पुल

- यस क्षेत्रको भौगोलिक विकटता, प्राविधिक जनशक्तीको अभाव, आर्थिक स्रोतको अभाव लगाएत समस्याका कारण ठूला एवम् अत्याधुनिक भौतिक पूर्वाधार निर्माण गर्न असम्भव भएतापनि नागरिकका आधारभुत आवश्यक्ताहरु पुर्ति गर्ने खालका संरचनाहरु निर्माण गरी जनताको दैनिकी सहज बनाउन नगरपालिका प्रतिवद्ध छ । यसै सन्दर्भमा यस नगरपालिकामा सर्वसुलभ, गुणस्तरीय एवम् नागरिकमैत्री भौतिक पुर्वाधारहरु निर्माण गर्न संघीय सरकार, प्रदेश सरकार एवम् बुर्तिवाङ नयाँ सहर निर्माण आयोजनासँग समन्वय गरी कार्य अगाडि बढाईनेछ ।

- स्थानीय तहमा निर्माण गरिने पुर्वाधार संरचनाहरुलाई मजबुद, गुणस्तरीय र मैत्रीपुर्ण बनाउन उपभोक्ता समितिहरुलाई पनि साझेदारीमा सहभागी बनाई अपन्वत्वको बोध गराईनेछ ।

- ढोरपाटन नगरपालिकाको केन्द्र बुर्तिवाङ बजारसँग विभिन्न वडाहरु र स्वास्थ्य सँस्थाहरु जोड्ने सडकखण्डहरु बाह्रै महिना संचालना ल्याउन ठाँउ ठाँउमा नालीहरु व्यवस्थापन गर्नुका साथै ह्युमपाईपको प्रयोग गरी सडकमा बग्ने पानीलाई उचित व्यवस्थापन गरिनेछ ।

- स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम अन्तर्गत “बुर्तिवाङ देखी ढोरपाटन जाने सडक, बुर्तिवाङ टारीखेत खल्वाङ बयचौर सम्म जाने बाटो र टारीखेत कुथाप्ला धरमशाला हुँदै माँडे सम्म जाने मोटरवाटोको स्तरोन्नती तथा ग्राभेल गरिनेछ।

- प्रदेश सरकारसँगको साझेदारीमा बुर्तिबाङ, अर्नाकोट, घम्पुदेउराली हुँदै ढोरपाटनसम्म सडक निर्माण गरिनेछ।

- बुर्तिवाङ नयाँ सहर निर्माण आयोजना सँगको समन्वयमा डिपीआर बमोजिम एकिकृत शहरी सेवा केन्द्र निर्माण गर्ने, लोकल एरिया पलान कार्यान्वयन गर्ने तथा बिभिन्न स्थानहरुमा सडक निर्माण तथा स्तरोन्नती गर्ने कार्य गरिनेछ।

## २. झोलुङ्गे पुल

- ढोरपाटन नगर भित्र लामो तथा छोटो झोलुङ्गे पुल निर्माणको लागि संघ र प्रदेश सरकारको साझेदारीमा डीपीआर तयार तथा निर्माण गर्नुका साथै अत्यावश्यक ठाँउहरुमा काठेपुल तथा घाट निर्माण गरी आवतजावतमा सहजीकरण गरिनेछ।

## ३. सिंचाई

- नगर क्षेत्रभित्र रहेका स-साना सिंचाई आयोजना र प्याङ्खोला अधिकारीचौर लिफ्टीङ सिंचाई आयोजना २ वर्ष भित्र पूरा गर्ने तथा ठुला र मझौला सिंचाइ योजनाको सम्भाव्यता अध्ययन गरी संघ र प्रदेश संग समन्वय गर्दै निर्माण कार्य अगाडि बढाइने छ।

## ४. भवन तथा सहरी विकास

- भविष्यमा बनाईने नयाँ भवन संरचनाहरुलाई भुकम्प प्रतिरोधी बनाउन नागरिकहरुलाई डकर्मी तालिम दिने व्यवस्था गरिनेछ।

- ढोरपाटन नगरपालिकाको आफ्नै भवन निर्माण गर्ने सम्भाव्यता अध्ययन भैसकेको अवस्थामा प्रशासनिक भवन निर्माण गर्न संघीय र प्रदेश सरकारसँग आवश्यक पहल गरिनेछ।

- ढोरपाटन नगरपालिकाका बिभिन्न वडाहरुमा रहेका करिब ५०० जना अति विपन्न नागरिकहरुका खरका छानाहरु हटाई टिनका छानाले विस्थापन गरिनेछ ।

## ५. लघु तथा साना जलविद्युत, वैकल्पिक उर्जा

- नेपालको राष्ट्रिय गौरवलाई माथि उठाउने आयोजनाको रुपमा रहेको उत्तरगंगा जलाशययुक्त जलविद्युत आयोजनालाई सफल बनाउन जनस्तरबाट आवाज उठाउने एवम् संघीय सरकारसँग आवश्यक पहल कदम गरिनेछ ।

- **उज्यालो नगर अभियान** अन्तर्गत ढोरपाटन नगरक्षेत्रमा अत्यावश्यक बीस ठाउँहरुमा सौर्य सडक बत्ती व्यवस्थापन गरिनेछ । यसैगरी विद्युतको पहुँचमा नभएका नागरिकहरुका लागि वैकल्पिक स्रोतको रुपमा सोलार सेटहरु वितरण गरिनेछ ।

- स्थानीय स्तरमा नीजि क्षेत्रको लगानिमा सञ्चालित लघुजलविद्युत आयोजनाहरुलाई प्रचलित ऐन कानुन विपरीत नहुने गरी सञ्चालन अनुमति दिने एवम् करको दायरामा ल्याईनेछ ।

- वैकल्पिक उर्जा विकासको लागि वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र संग समन्वय गरिनेछ ।

## ६) संचार

- ढोरपाटन नगरपालिकाका सम्पुर्ण क्षेत्रमा प्रभावकारी संचार सेवा पुऱ्याउन सरकारी तथा निजी सेवाप्रदायक संस्थाहरुसँग समन्वय र सहकार्य गरिनेछ ।

- रेडियो, पत्रपत्रिका, एफएम र टेलीभिजनलाई सेवाप्रवाहको वर्गीकरण गरी संस्थागत क्षमता अभिवृद्धिमा सहयोग पुऱ्याउन आवश्यक सहयोग एवम् सहजीकरण गरिनेछ ।
- स्थानीय तहमा रहेका एफ.एम. रेडियोहरुसँग सहकार्य गरी विभिन्न प्रकारका जनचेतनामुलक एवम् जनउपयोगी कार्यक्रमहरु संचालनमा ल्याईनेछ ।

## वातावरण तथा बिपद व्यवस्थापन

## क) वन तथा भुसंरक्षण

- नगरक्षेत्रभित्र रहेका सबै सरकारी, निजी र सार्वजनिक स्थलहरुमा वृक्षारोपण गर्ने, पौराणिक पोखरी संरक्षण, वर पीपल चौतारी संरक्षण र बिश्राम स्थल निर्माण गर्ने कार्यलाई अभिप्रेरित गरिनेछ ।
- प्लाष्टिकको अत्यधिक प्रयोग जलवायु परिवर्तनको मुख्य कारक तत्व रहेको कुरा स्मरण गर्दै यस नगरपालिकामा सकेसम्म प्लाष्टिक झोलाहरुको प्रयोगमा कमी ल्याउन पहल गरिनेछ साथै वातावरण प्रदुषण गर्ने खालका गतिविधीहरुमा नियन्त्रण गरिनेछ ।
- ग्रीष्म याममा वनजंगलमा डढेलो लगाउने, अनावश्यक वन फडानी गर्ने तथा वन पैदावारमा हानी पुऱ्याउने खालका मानवीय गतिविधीहरु नियन्त्रण गर्दै वन जंगलको संरक्षण गरिनेछ। साथै वनमा रहेका पानीका मुहानहरुको संरक्षण गर्न वन पैदावरको संरक्षण गर्न जोड दिईनेछ ।
- माटोको धरातल कमजोर भई वर्षायाम तथा अन्य समयमा पहिरो जाने स्थानहरुमा ग्याबिन जालीहरुको व्यवस्था गर्न जालीहरु खरिद गरिनेछ भने तुरतुरे पहिरो क्षेत्र र गरगरे पहिरो क्षेत्रको उचित एवम् दिगो व्यवस्थापन गर्न प्रदेश तथा संघीय सरकार समक्ष आवश्यक पहल गरिनेछ ।

## ख) फोहोरमैला ब्यबस्थापन

- नगरपालिकाको मुख्य बजार क्षेत्रमा उत्पादन हुने फोहोरमैला व्यवस्थित गर्न नियमित रुपमा फोहोर संकलन गरी डम्पिङ साईटमा विसर्जन गरिनेछ ।

- नगरपालिकाका विभिन्न क्षेत्रहरुमा फोहोरमैला न्युनिकरण सम्बन्धी कार्यक्रमहरु संचालन गरी कुहिने र नकुहिने फोहोरको छुट्टाछुट्टै व्यवस्थापन गरी कुहिने फोहोरबाट कम्पोष्ट मल बनाउन आवश्यक कदन चालिनेछ ।

- बुर्तिवाङ बजारभित्रको सडक क्षेत्रलाई फोहोर रहित बनाई नमुना सहरको रुपमा विकास गर्न आवश्यक जनचेतना अभिवृद्धि गरिनेछ ।

**सुशासन तथा  संस्थागत बिकास :**

- कोरोना भाईरसको कारण सिर्जित यस प्रतिकुल अवस्थामा कार्यालयबाट प्रवाह हुने सार्वजनिक सेवाहरुलाइ सम्भव भएसम्म विद्युतीय माध्यमद्धारा प्रवाह गर्ने प्रयास गर्दै विद्युतीय शासनको अवधारणालाई अनुसरण गरिनेछ ।
- संविधानले प्रदत्त गरेको सूचनाको हकलाई कार्यान्वयन गर्न नगरपालिकाबाट दिईने सम्पुर्ण सेवाहरुको बारेमा नागरिकहरुलाई नगरकार्यपालिका देखी वडा कार्यालयहरुसम्म नागरिक बडापत्रद्धारा जानकारी गराईनेछ भने सम्पूर्ण क्रियाकलापहरुको बारेमा नियमित रुपमा सार्वजनिक सुनुवाई गरिनेछ ।
- चुस्त दुरुस्त कर्मचारी प्रशासन एवम् जनउत्तरदायी जनप्रतिनिधीत्व विकास गरी आम नागरिकहरुलाई सुशासनको प्रत्याभुति गराईनेछ। यसैगरी चालु खर्चहरु कटौती गर्दै पुँजीगत खर्च बढाउने एवम् कार्यालय संचालनमा मितव्ययिता अभिवृद्धि गरिनेछ ।
- सामाजिक सुरक्षा वितरण प्रणालीलाई चुस्त, पारदर्शि एवम् पहुँचयोग्य बनाई राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण कार्यक्रम अन्तर्गत सामाजिक सुरक्षामा लाभग्राहीहरुको लागत संकलन गरी अद्यावधिक गर्ने कार्यलाई तिव्र बनाईनेछ ।
- ढोरपाटन नगरपालिकाका सम्पुर्ण भौगोलिक, आर्थिक, सामाजिक तथा साँस्कृतिक अवस्थाहरुको बारेमा विवरणहरु अद्यावधिक गर्न डिजिटल नगर प्रोफाईल तयार गरिनेछ ।
- राज्यको निती अनुसार करको दायरालाई फराकिलो बनाउँदै एकिकृत सम्पत्ति कर, घरबहाल कर, दहत्तर बहत्तर शुल्क, व्यवसाय दर्ता शुल्क, मनोरञ्जन कर तथा विज्ञापन करको संकलन सफ्टवयर प्रणालीबाट व्यवस्थित गरिनेछ। साथै नयाँ बन्ने घरहरुको अनिवार्य नक्शापास र बनिसकेका घरहरुको अभिलेखांकन कार्यलाई द्रुतरुपमा अगाडि बढाईनेछ ।
- साथै समग्र विकास कार्यलाई योजनावद्ध रुपमा संचालन गर्न प्रदेश सरकारसँगको समन्वयमा यसै आर्थिक वर्षदेखि आवधिक योजना बनाई कार्यान्वयन गरिनेछ ।

**अन्त्यमा,**

ढोरपाटन नगरपालिकालाई विकास र समृद्धिको यात्रा तर्फ अग्रसर गराउन योगदान पुऱ्याउनुहुने राजनैतिक दल, नागरिक समाज लगाएत जनप्रतिनिधीहरु प्रति हार्दिक आभार प्रकट गर्दछु । ढोरपाटन नगरपालिकाको समस्त आर्थिक, सामाजिक र पुर्वाधार विकासमा आ-आफ्नो क्षेत्रबाट भुमिका निर्वाह गर्नुहुने राष्ट्रसेवक कर्मचारी, सुरक्षाकर्मी, स्वास्थ्यकर्मी, सहकारी तथा निजी क्षेत्रका व्यक्तिहरु, बुद्धिजिवी ,आमसञ्चार जगतमा क्रियाशिल व्यक्तीहरु साथै राष्ट्रिय, अन्तर्राष्ट्रिय संघसंस्था तथा ढोरपाटन नगर विकासका साझेदारहरुलाई धन्यवाद दिन चाहन्छु ।

**धन्यबाद ! नमस्कार**